नेपालमा बालअधिकार आन्दोलनको २५वर्ष

# सिविन–नेपालका गौरवपूर्ण २५ वर्षहरू

(सन् १९८७–२०१२)

1987-2012
25 Years of Child Rights Movement in Nepal











**सपना–सृजना–जीवनः**
*बालबालिकाका सृजनशील प्रस्तुतिमा किरण मानन्धरद्वारा प्रत्यक्ष सृजित चित्रकलाहरू*

## नेपालमा बालअधिकार आन्दोलनको २५ वर्ष

# सिविन-नेपालका गौरवपूर्ण २५ वर्षहरू

(सन् १९८७-२०१२)

आज भन्दा २५ वर्ष अघि देश निर्दलीय पञ्चायती व्यवस्थाको चंगुलमा रहेको अवस्थामा परिवर्तन र अधिकारका कुरा गर्नु सजिलो थिएन । राजनैतिक दलहरु प्रतिबन्धित थिए भने मानवअधिकारको निम्ति आवाज उठाउने माध्यमहरु माथि बन्देज लागेको थियो । त्यस बखत विद्यार्थी आन्दोलन नै देशको परिवर्तनकामी आन्दोलन हुने गर्दथ्यो । स्वतन्त्रता र मानवअधिकारका कुराहरु सीमित मात्रामा विद्यार्थीहरुबाट मात्रै प्रवाह हुन सक्ने अवस्था थियो । सिङ्गो मानवअधिकार र त्यसमा पनि राजनैतिक स्वतन्त्रताको मुद्दा प्रमुख रहेको त्यस अवस्थामा बालबालिकाको अधिकारको बिषय सबैका लागि गौण बिषय रहन गएको थियो ।

तर अन्तर्राष्ट्रिय परिवेश भने बालअधिकार प्रवर्द्धनका लागि अनुकुल बन्दै गएको थियो । संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९७९ लाई अन्तर्राष्ट्रिय बालवर्षका रुपमा मनाउंदै गर्दा राज्यपक्षहरुलाई बालबालिकाप्रति जिम्मेवार बनाउन विश्वमा बालअधिकारसम्बन्धी महासन्धिको आवश्यकताबोध भैसकेको थियो । यसै अनुरुप तयार गरिएको महासन्धिको मस्यौदालाई अन्तिम रुप दिनु अगाडि यस माथिको छलफल र बहसहरु विभिन्न तहमा विश्वव्यापी रुपमा चलिरहेका थिए । यसरी विश्वव्यापी

रुपमा बालअधिकारका बारेमा विश्वव्यापी छलफल र बहस चलिरहेका बेला तत्कालिन अवस्थामा नेपालमा यसबारे धेरैलाई जानकारी र चासो थिएन । बालअधिकारका बारेमा धेरै मानिसहरु सचेत थिएनन् । मानवअधिकारकर्मीहरुले समेत बालअधिकारको बिषयलाई आत्मसात् गर्न सकेको अवस्था थिएन । मानवअधिकार अभियानहरुमा नागरिक र राजनैतिक अधिकार प्राप्त भयो भने बालअधिकार स्वतः प्राप्त हुन्छ भन्ने अवधारणा व्याप्त थियो ।



यसै परिप्रेक्ष्यमा नेपालको मानवअधिकार आन्दोलनलाई गति दिइरहेका अगुवा विद्यार्थी नेताहरु मार्फत सन् ८० को दशकको मध्यबाट बालअधिकारको बिषय उठान आरम्भ भएको हो । यसैक्रममा नेपालमा अधिकारमुखी अवधारणाबाट बालबालिकाका लागि क्रियाशील पहिलो सामाजिक संस्थाको रुपमा सन् १९८७ मा सिविन-नेपालको स्थापना भयो । यसै कालखण्डमा युवा विद्यार्थीहरुको अन्तर्राष्ट्रिय सञ्जालले एशिया तथा दक्षिण एशियाका

विभिन्न देशहरुमा एकै पटक बालअधिकर अभियानको थालनी गरे । यसबाट नेपालको बालअधिकार आन्दोलनलाई अन्तर्राष्ट्रिय अभियानसँग गाँसेर लैजान सघाउ पुग्यो ।

संयुक्त राष्ट्रसंघबाट बालअधिकार सम्बन्धी महासन्धि पारित हुनु अघिदेखि नै सिविन-नेपालको सक्रियतामा सोको मस्यौदा माथिको छलफलबाट शुरुवात भएको नेपालको बालअधिकार आन्दोलनलाई सन् १९८९ नोभेम्वर २० का दिन उक्त महासन्धि पारित भए पछि अझ ठूलो बल मिलेको छ । २०४६ सालको जनआन्दोलन पश्चात निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाले बालअधिकार आन्दोलनलाई अघि बढाउन स्वभाविक रुपमा सहज वातावरणको सृजना भयो । सन् १९९० को सेप्टेम्वर १४मा नेपालले



बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि नेपालमा बालअधिकार आन्दोलनको जग अझ बलियो भयो ।

यसरी प्रतिकुल अवस्थामा रोपिएको बालअधिकारको बिरुवाले २५ वर्षको यात्रा तय गरेको छ र आजको अवस्थासम्म आईपुग्दा नेपालमा बालअधिकारको बिषय एउटा स्थापित आन्दोलनका रुपमा परिचित हुनुका साथै यसले व्यापकता पनि पाइसकेको छ ।

सिविनको स्थापनासँगै सामाजिक गतिविधिमा परोपकारी दृष्टिकोणको स्थानमा अधिकारमुखी दृष्टिकोण हुनुपर्दछ भन्ने नवीनसोच समाजमा प्रवाहित हुन आरम्भ गरेको हो । बालबालिकाका हकमा बालबालिका दयामायाका पात्र हुन भन्ने परम्परागत अवधारणाबाट संकुचित रहेको नेपाली समाजिक सोचलाई चिर्दै बालबालिकाको पनि आफ्नै अधिकार हुन्छ र उनीहरुको आफ्नो पहिचान सहित संरक्षित जीवन जिउने अधिकार छ भन्ने मान्यता स्थापित गराउन सिविनको प्रयास उल्लेखनीय रहँदै आएको छ । नेपालमा अधिकारमुखी सोचबाट बालबालिकाको क्षेत्रमा सिविन-नेपालले अवधारणगत स्पष्टता ल्याउनुका साथै बालबालिकाको अधिकार संरक्षण तथ प्रवर्द्धनका क्षेत्रमा नवीनसोचका साथ यसले नेपालमा थुप्रै कार्यक्रमहरु सञ्चालन गरिआएको छ । सिविनले सञ्चालनमा ल्याएका अधिकांश कार्यक्रमहरु नेपालमा पहिलो पटक थालनी गरिएका कार्यक्रमहरु थिए/छन् । कठिन अवस्थामा रहेका बालबालिकासम्बन्धी अध्ययन अनुसन्धान, सडक बालबालिकाको सामाजिकीकरणका निम्ति कमनरुम, जोखिम परिस्थितिका बालबालिकाका निम्ति ट्रान्जिट होम, बालबालिकाका आपत्कालिन उद्धारका निम्ति हेल्पलाइन लगायतका कार्यक्रहरुलाई


उदाहरणका रुपमा लिन सकिन्छ ।

यसैगरी सरकारले बालबालिकालाई राज्यको अभिन्न अंगका रुपमा स्वीकार गरी उनीहरुले आफ्नो अधिकारको उपभोग गर्दै सुरक्षित र सहभागितात्मक वातावरणमा विकास गर्दै हुर्कन पाउने व्यवस्थाको सुनिश्चितता प्रदान गर्नु पर्दछ भन्ने तथ्यलाई स्थापित गराउन सिविनले खेलेको भूमिका पनि बालअधिकार आन्दोलनको इतिहासमा अंकित भएकै कुरा हो । बालबालिका परिवार, समाज र राज्यका अभिन्न अंग हुन् उनीहरुलाई पहिलो प्राथमिकतामा राखि सम्बोधन गरिनु पर्दछ र यसको लागि व्यक्ति, परिवार, नागरिक समाज, सरकार सबैको त्यतिकै भूमिका हुनु पर्नेमा सिविन-नेपाल आफ्नो स्थापनाकाल देखिनै स्पष्ट रहँदै आएको छ ।

अबका दिनहरुमा सिविन-नेपालले बालबालिकामाथि हुने सबै प्रकारका अन्याय, भेदभाव, शोषणलाई समूल नष्ट गर्नको लागि देशका सबै भागहरुमा आफ्ना विशेष अभियानलाई विस्तार गरी उनीहरुको अधिकार सुनिश्चितताका लागि क्रियाशील हुन जरुरी भएको छ । त्यसैगरी बालअधिकारका क्षेत्रमा विद्यमान कानुनी अड्चनमा सुधार गर्दै बालअधिकारप्रति सरकार तथा राज्यपक्षलाई सशक्त, जिम्मेवार र जवाफदेही बनाउन अझ बढी भूमिका निर्वाह गर्नु पर्ने खाँचो भएको छ । यी सबै कार्यमा बालबालिकाहरुसंग प्रत्यक्ष रुपमा काम गर्नु जरुरी छ भने सरोकारवाला एवम् नागरिक समाजसँगको हातेमालोले मात्र सफलता प्राप्त हुन्छ र बालअधिकार आन्दोलनले पनि थप उर्जा प्राप्त गर्दै जानेछ ।

# सिविन नेपालका गौरवपूर्ण २५ वर्षहरू

सिविनले नेपालको बालअधिकार आन्दोलनका उल्लेखनीय चरणहरु/मानकहरु (Milestones) मा सिविनको भूमिकालाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।



## १९८७ CWIN

सन् १९८० को दशकको मध्यमा विश्वविद्यालयका युवा विद्यार्थीहरुद्वारा बालअधिकारसम्बन्धमा छलफल र बहसको आरम्भ । गौरी प्रधानको अगुवाइमा सिविनको स्थापना र संगठित रुपमा बालअधिकार आन्दोलनको थालनी । बालबालिकाको आवाज सहित भ्वाइस अफ चाइल्ड वर्कस् नामक अंग्रेजी भाषाको प्रकाशन तथा सडक बालबालिका र बालश्रमका विभिन्न बिषयमा अध्ययन अनुसन्धानको शुरुवात ।



## १९८८ CWIN

राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिको मस्यौदालाई नेपालीमा अनुवाद गरी नेपालभित्र बालअधिकार दस्तावेजमाथि चर्चापरिचर्चा आरम्भ र अधिकारमुखी दृष्टिकोणबाट बालबालिकाको विषयलाई हेरिनु पर्दछ भन्नेबारेको छलफलमा व्यापकता । बालअधिकारसम्बन्धी महासन्धिको मस्यौदा माथि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संजालहरु मार्फत हुने छलफलमा सशक्त भूमिका निर्वाह ।

अधिकारमुखी दृष्टिकोणबाट बालबालिकासम्बन्धी नेपालमा पहिलो अन्तरराष्ट्रिय सम्मेलनका रुपमा सन् १९८८ मा दक्षिण एशियाका बालश्रमिकहरुको यथार्थ र चुनौतीका बारेमा प्रथम दक्षीण एशियाली बालदासता विरोधी सम्मेलनको सफल आयोजना र बालदासता विरुद्धको दक्षीण एसियाई सञ्जालको स्थापना ।




सन् १९८८ मा सडक बालबालिकाको सामाजिकीकरण तथा पुनर्एकीकरणका निम्ति कमनरुम कार्यक्रम सञ्चालन । कमनरुम अवधारणा तथा कार्यक्रम नमूना कार्यक्रमका रुपमा सर्वस्वीकार्य र विभिन्न संस्थाहरुद्वारा अवलम्बन ।

## १९८९ CWIN


जनआन्दोलनमा बालअधिकारको आवाज सहित सिविनको सहभागिता ।

बालअधिकारसम्बन्धी महासन्धि संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० मा पारित भएपछि सोलाई नेपालीमा अनुवाद गरी चर्चामा ल्याउनुका साथै सोलाई राज्यद्वारा अनुमोदन गराउनका लागि पैरवी ।

बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई नेपालले अनुमोदन गरिसकेपछि सो अनुरुपका राष्ट्रिय कानुन बनाउन तथा महासन्धिको कार्यान्वयनका निमित्त सरकारलाई सुझाव तथा दवाव सिर्जना ।

नेपालमा बालबालिकाका निम्ति कार्यरत संस्थाहरुको विषयगत राष्ट्रिय सञ्जालहरु निर्माणको पहल । कार नेटवर्क, कन्सोर्टियम, जिसिई/एनसिई, सिजोप, एटविन, सि-नेट, नावस्क लगायतका राष्ट्रिय स्तरका सञ्जालहरुको संस्थापक नेतृत्व ।







## १९९० CWIN

नेपालको प्रजातान्त्रिक आन्दोलनको क्रममा बालबालिका माथि भएको यातना र हिंसा बिरुद्ध आवाज बुलन्द गर्दै अन्तर्राष्ट्रिय ऐक्यबद्धताको खोजी र परिचालन ।

बालअधिकारको संवैधानिक सुनिश्चितताका लागि वि.सं. २०४६।४७ को जनआन्दोलन पछि गठित संविधान सुधार सुझाव आयोग समक्ष बालअधिकारका विषयमा दश बुँदे सुझाव प्रस्तुत ।

चिया बगान तथा गिट्टी कुट्ने जस्ता श्रमका विविध क्षेत्रहरुमा थप अनुसन्धान गरी बालश्रम सम्बन्धी विभिन्न प्रकाशनहरु गरी जनचेतना अभिवृद्धिमा योगदान । कठिन परिस्थितिका बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितताका लागि सिविन शैक्षिक सहायता कार्यक्रम र बालअधिकारको पक्षमा व्यापक स्वयंसेवा परिचालनको लागि फ्रेण्डस अफ सिविन (Friends of CWIN) कार्यक्रमको शुरुवात ।

## १९९१ CWIN

बालअधिकारबारे सचेतनाका लागि बालबालिकासम्बन्धी नेपालमा पहिलोपटक देशका विभिन्न शहरहरुमा बृहत् फोटो प्रर्दशनीको आयोजना ।

प्रजातान्त्रिक नेपालको पहिलो निर्वाचनमा बालअधिकारका विषय समावेशको निम्ति मतदाताहरुबीच जनचेतना अभियान सञ्चालन गर्दै सबै राजनैतिक पार्टीहरुलाई बालअधिकारको सम्मान गर्न आग्रह । पहिलो बालअधिकार पत्रिका बालसरोकारको प्रकाशन आरम्भ ।



नेपालमा महिला तथा बालबालिकाको ओसारपसार र बेचबिखनको बिषयमा पहिलो अनुसन्धानमूलक पुस्तकको प्रकाशन । बालअधिकार अभियान अघि बढाउन सिविन कार्यरत जिल्लाहरुमा बाल सरोकार समूहहरुको गठन ।

## १९९२ CWIN

बालअधिकार र बालश्रमको बिषयमा राष्ट्रिय फोटो तथा चित्रकला प्रतियोगिता एवम् प्रर्दशनी । निर्वाचनमा विजयी सांसदहरुलाई निर्वाचनका क्रममा आफूले गरेका प्रतिबद्धतालाई व्यवहारमा उतार्न तथा नेपाली बालबालिकाको अधिकार सुनिश्चित गर्न कानुन निर्माण गर्न आव्हान । ६ अप्रिलमा भएको राजनैतिक आन्दोलनमा हिंसाको शिकार भएका बालबालिकाको पक्षमा अभियान ।



सडक, सुकुम्बासी, बालश्रमिक तथा अन्य जोखिम परिस्थितिका बालबालिकाको निम्ति शैक्षिक सहायता तथा स्वास्थ्य शिविर जस्ता विभिन्न सेवामूलक कार्यक्रमहरु सञ्चालन । नेपालमा गलैंचा कारखानामा काम गर्ने बालश्रमिकहरुको विषयमा बृहत् अनुसन्धान गरी बालश्रमशोाण विरुद्ध अभियान शुरु ।

# १९९३

सिविनको पहलमा जोखिम परिस्थितिका बालबालिकाको निम्ति काम गर्ने संस्थाहरुको पहिलो सञ्जालका रुपमा जोखिम परिस्थितिका बालबालिकाहरुका निम्तिको मिलिजुली समूह (CAR-NWG) को स्थापना । महिला तथा बालिका हिंसा विरुद्ध एकजुट हुन बृहत् सञ्जाल महिला सुरक्षा दवाव समूहको निर्माणमा सकृय भूमिका निर्वाह र महिला हिंसा विरुद्ध पहिलो चोटी संसदमा संकल्प प्रस्ताव पारित ।



नाट्य क्षेत्रमा प्रख्यात आरोहण समूहसँग सडक बालबालिकाहरुको संयुक्त नाटक प्रस्तुति । विभिन्न गाउँहरुमा बालबालिकामुखी सामुदायिक कार्यहरुको शुरुवात ।

# १९९४ CWIN



बालबालिकाको पारिवारिक मिलन तथा वैकल्पिक स्याहार एवं सामाजिक पुनर्स्थापना र पुन:एकीकरणका अवधारणाका साथ नेपालमा पहिलो पटक आवधिक गृह (ट्रान्जिट होम) र सामाजिक पुनर्एकीकरण अवधारणाका साथ कार्यक्रम सञ्चालन । सिविन बालिका कार्यक्रम मार्फत जोखिम परिस्थितिका बालिका तथा किशोरीहरुको निम्ति अभियान, संचेतना एवं संरक्षणको शुरुवात । सिविनको आय आर्जनका लागि सोसल मार्केटिङ्ग कार्यक्रम आरम्भ । सडक तथा सुकुम्बासी बस्तीका बालबालिकालाई अध्ययन, सुनाइ तथा एकाग्रता सीप अभिवृद्धि गर्न कमन रुमम भित्र खेलकुद लगायत पुस्तकालयको स्थापना । मध्यावधि चुनावमा बालबालिकाको सवाललाई उत्थान गर्न राजनैतिक अन्तर्क्रिया कार्यक्रमहरुको आयोजना ।

चावहिल, बौद्ध र जोरपाटी क्षेत्रका गलैंचा कामदारहरुलाई फेक्ट नेपालसँगको सहकार्यमा तीन दिने प्राथमिक स्वास्थ्य हेरचाह र प्राथमिक उपचार तालिम ।

एनजिओ ग्रुपको सहयोगमा एन्टी स्लेभरी इन्टरनेशनलले जेनेभामा नेपालमा बालश्रम नामक पुस्तक सार्वजनिक ।

## १९९५ CWIN

जोखिम परिस्थितिका नवयुवाहरुको सीपविकास, वैकल्पिक रोजगारी तथा आत्मनिर्भरताको लागि सिविन आत्मनिर्भर केन्द्रको शुरुवात । बालश्रमशोषण निर्मूलनको निम्ति तत्कालिन प्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारीलाई ज्ञापनपत्र हस्तान्तरण तथा प्रधानमन्त्रीद्वारा बालश्रमशोषण निर्मूलनको निम्ति प्रतिवद्धता जाहेर । साथै नागरिकता उच्चस्तरीय आयोगमा सडक तथा परिवारविहिन बालबालिकाको नागरिकताको निम्ति ज्ञापनपत्र बुझाई बालबालिकाको राज्यविहिनता बारे चासो र छलफलको शुरुवात । पोखरामा सिविनको कार्यक्रम आरम्भ ।

बालविवाहमा अध्ययन गरी बालविवाह बिरुद्ध अभियानको शुरुवात । खोकना, ललितपुरमा लू:निभा बालक्लबसँग बाल पुस्तकालयको शुरुवात ।



# १९९६ CWIN

सन् १९९६ मा "बालदासता बिरोधी दक्षिण एशियाली मुक्ती यात्रा" को राष्ट्रिय संयोजकका रुपमा नेतृत्व प्रदान र नेपालमा सफल यात्राको आयोजना ।

सन् १९९६ मा विभिन्न संस्थाहरुको सहकार्यमा देहव्यापारका निम्ति भारतमा बेचिएका नेपाली चेलीको सामुहिक उद्धार र पुनर्स्थापनमा योगदान ।

सशस्त्र द्वन्द्वको शुरुवात संगै बालबालिकालाई हिंसाको शिकार नबनाइयोस् भन्ने नाराका साथ बालबालिका र शान्तिका निम्ति पहल ।




बालश्रम उन्मूलनसम्बन्धी राष्ट्रिय कार्यसमिति तथा बालविकाससम्बन्धी उच्चस्तरीय कार्यदलमा सिविनको मनोनयन । घरेलु बालश्रमिकको शोषण र यातना विरुद्ध सर्वोच्च अदालतमा बालश्रमसम्बन्धी पहिलो मुद्दा दायर ।

नेपालमा बालअधिकारको स्थितिका बारेमा राष्ट्रिय प्रतिवेदन प्रकाशनको थालनी ।

## १९९७ CWIN

सिविनको दशौं वार्षिकोत्सवको उपलक्ष्यमा बालअधिकार प्रवर्द्धनका लागि विभिन्न सरोकारवालाहरुको भूमिका र प्रतिवद्धताका बारेमा राष्ट्रिय स्तरको विचार गोष्ठीको आयोजना । उक्त गोष्ठीमा प्रमुख वक्ताका रुपमा पूर्वप्रधानमन्त्रीद्वय स्वर्गीय मनमोहन अधिकारी र स्वर्गीय गिराजाप्रसाद कोइरालाको उपस्थिति ।

नेपालमा बालअधिकारको स्थिति नामक वार्षिक प्रतिवेदन प्रकाशित । यसका साथै टेम्पो खलासी, शोषणमूलक श्रम सम्बन्धहरु, सडक बालबालिकाको स्थिति, बालन्याय प्रशासन लगायतका सामग्रीहरुको प्रकाशन ।

बालसहभागिता प्रवर्द्धनका लागि विद्यालय तथा सिविन बालगृहहरुमा बालअधिकार मञ्चहरुको शुरुवात ।






## १९९८ CWIN

"बालश्रम विरुद्ध विश्व यात्रा १९९८"को अन्तराष्ट्रिय मूल आयोजक समिति सदस्यमा सिविन । नेपालमा उक्त कार्यक्रमको संयोजक तथा विश्वयात्रामा बालश्रमिक सहितको नेपाली टोलीको नेतृत्व । यस विश्वयात्राले आइएलओ महासन्धि नं. १८२ जारी गर्ने सम्बन्धमा दवाव तथा सुझाव सहित महत्वपूर्ण योगदान ।



समाजमा ओझेलमा परिरहेका बालबालिकामा विविध क्षेत्रका तथ्य र जानकारी उजागर गर्न अध्ययन अनुसन्धानहरुलाई निरन्तरता प्रदान ।

सूचना केन्द्र सहितको सिविन केन्द्रीय कार्यालयको स्थापना । सिविन-नेपाल र बालअधिकारका विषयमा पर्याप्त सूचना सहित सिविनको वेवसाइट www.cwin.org.np को आरम्भ ।

सिविन बालअधिकार महासन्धिको अनुगमन र बालसहभागिता प्रवर्द्धनमा केन्द्रित । बालअधिकार आन्दोलनमा बालसहभागिताको महत्व स्थापित गर्नका लागि सिविनले १० वटा जिल्लाहरुमा बालअधिकार मञ्चहरुको विस्तार ।

अन्तर्राष्ट्रिय बालअधिकार दिवस एवम् सिविनको १२औं वार्षिकोत्सवका अवसरमा जोखिममा परेका बालबालिकाहरुको आपतकालिन राहत सहयोग एवम् परामर्शका लागि सिविन हेल्पलाइन (२७१०००) को आरम्भ । जोखिम परिस्थितिका बालबालिकाका लागि सिविन केन्द्र एवम् मदिराको हानीकारक प्रयोग र बालबालिकामा असर न्यूनीकरणको निम्ति लोकल एक्सन जस्ता नवीन कार्यक्रमहरुको शुरुवात ।

## १९९९ CWIN

बालबालिकासम्बन्धी ऐन २०५२, बालश्रम (निषेधित र नियमित गर्ने) ऐन २०५६ निर्माणका सन्दर्भमा विधायिकासँग र कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारसँग सहकार्य ।

अन्तर्राष्ट्रिय बालअधिकार दिवस एवम् सिविनको १३ औं वार्षिकोत्सवका अवसरमा जोखिममा परेका बालबालिकाका लागि ब्लड ब्यांकको स्थापना । शहर पसेर जोखिममा पर्न सक्ने बालबालिकाका लागि नयाँ बसपार्कमा एउटा सम्पर्क केन्द्रको स्थापना ।




निकृष्ट प्रकारको बालश्रम विरुद्धको आइएलओ महासन्धिलाई लागू गराउन पैरवी । बेचबिखन, निकृष्ट प्रकारका बालश्रम र बिडिकारखानामा काम गर्ने बालश्रमिकका बारेमा सर्वेक्षण तथा अध्ययन । बालश्रम शोषण न्युनीकरणका लागि शिक्षाको

भूमिका विषयमा बहस ।

राष्ट्रिय स्तरमा राजनीतिक पार्टीहरुलाई बालअधिकार प्रति संवेदनशील बनाउनका लागि चुनावी अभियान सञ्चालन ।

बालयौन दुराचार (फेडोफिल)का विरुद्ध लाग्ने क्रममा प्रहरीलाई सहयोग गरी एकजना पेडोफिललाई प्रमाणसहित गिरफ्तार गर्न सहयोग । नेपाल सरकारलाई पेडोफिल विरुद्ध कडा कदम चाल्न आग्रह गर्दै अन्तर्राष्ट्रिय समुदायलाई पनि नेपालमा मौलाइरहेको पेडोफिलका विरुद्ध लाग्न अपिल ।

नेकपा माओवादीले आरम्भ गरेको जनयुद्धका क्रममा भएका मानव अधिकार हनन्का घटनामा सत्यतथ्य पत्ता लगाउने सन्दर्भमा बनेका मानवअधिकार समितिहरुमा सिविनको संलग्नता । राष्ट्रिय मानवअधिकार आयोगको गठनका लागि सिविनले अन्य मानवअधिकारर्मीहरुका साथ आफ्नो स्थानबाट भूमिका निर्वाह । मानवअधिकार संस्थाहरुको राष्ट्रिय संजाल मानवअधिकार अलायन्सको निर्माणमा महत्वपूर्ण भूमिका ।




## २००० CWIN

सिविनका संस्थापक अध्यक्ष गौरी प्रधानलाई युनिसेफले बालबालिकाको सर्वोत्तम हितका निम्ति काम गर्ने विश्वका अग्रजहरुमध्ये एकका रुपमा सम्मान ।

बालबालिका र वयस्कको दायित्वलाई समेटेर 'हाम्रो अधिकार: हाम्रो जिम्मेवारी' नामक बालसुलभ पुस्तक र 'बालअधिकार संरक्षण तथा प्रवर्द्धनमा जिल्ला बालकल्याण समितिको भूमिका' नामक पुस्तक प्रकाशन । सशस्त्र द्वन्द्वको असरबाट बालबालिकाको संरक्षणको निम्ति बालबालिका शान्तिक्षेत्र हुन् अभियानको अवधारणा विकास ।

एघारौं अन्तर्राष्ट्रिय बालअधिकार दिवसका अवसरमा सिविन र केन्द्रीय बालकल्याण समितिको संयुक्त आयोजनामा

'बालअधिकार महासन्धि अनुमोदनका दश वर्ष: हाम्रा प्रतिवद्धताको कार्यान्वयन एवम् उपलब्धि' विषयक कार्यशाला सम्पन्न । नेपालको सबैभन्दा सानो पुस्तकका रुपमा बालअधिकार महासन्धि प्रकाशित ।

यौन दुर्व्यवहार तथा शोषणमा परेका बालबालिका एवम् बालबालिकाको व्यावसायिक यौन शोषण विरुद्ध नव युवाहरुको सहभागितामा राष्ट्रिय कार्यशाला तथा अभियानको सञ्चालन ।

सार्थक शिक्षाका माध्यमबाट बालश्रम शोषणको अन्त्य गर्ने अभियानमा क्रियाशील । यस विषयमा थुप्रै तालिम, अनुशिक्षण तथा कार्यशालाहरु सञ्चालन र विद्यालय तथा सार्वजनिक स्थलहरुमा सडक नाटकहरु प्रदर्शन । धादिङ्गको कल्लेरी र स्याङ्जाको कोल्मामा विद्यालय भवन तथा स्वास्थ्य केन्द्रको निर्माणमा सहयोग पुऱ्याई सामुदायिक विकासका कार्य सम्पन्न ।



## २००१ CWIN

बालसाहित्य सिर्जनामा बालसहभागिताको सुनिश्चितताका लागि "सहसिर्जना"अवधारणाको विकास तथा सन् २००१ देखि श्रृंखलावद्ध रुपमा बालबालिका र सर्जकबीच कार्यशालाहरु सम्पन्न ।

कानुन कार्यन्वयन र बालअधिकारको प्रत्याभूतिका लागि नेपाल सरकार र सरोकारवालाहरु जिल्ला बालकल्याण समिति, सरकारी वकिलको कार्यालय, महिला बालबालिका सेवा केन्द्र र नागरिक समाज लगायत विभिन्न समुदायसँग सहकार्य ।




नेपालमा शान्ति स्थापनाको माग सहित विभिन्न संस्थाहरुको सहकार्यमा देशभरीबाट एक लाख बालबालिकाको हस्ताक्षर संकलन गरी तत्कालिन प्रधानमन्त्री समक्ष हस्तान्तरण ।

शिक्षाका लागि विश्व अभियानमा सिविनको संलग्नतामा

निरन्तरता । बालश्रम विरुद्ध विश्वयात्रा र सिविनको संयुक्त आयोजनामा बालबेचबिखन विरुद्धको युनएन दिवस मनाउन आरम्भ ।

ट्रेड युनियनहरु, व्यवसायीहरु, सम्बन्धित सरकारी निकायहरु र ट्राफिक प्रहरीको संलग्नतमा टेम्पु खलासीहरुको उद्धार एवम् पुनर्स्थापनका लागि अभियान सञ्चालन गरी बालश्रमिकहरुको उद्धार, पारिवारिक पुर्नमिलन एवं शैक्षिक सहयोगमा योगदान ।

बालअधिकार दिवस एवम् सिविनको वार्षिकोत्सवको सन्दर्भमा सिविन र केन्द्रीय बालकल्याण समितिको तत्वावधानमा 'बालसंरक्षणका लागि बालगृहहरुको भूमिका' विषयक राष्ट्रिय गोष्ठीको आयोजना । १९ नोभेम्बरका दिन सडक बालबालिकाहरुबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता । काठमाडौंमा क्षेत्रीय स्तरको बालबालिकाको आवासको अधिकारका विषयमा कार्यशाला सम्पन्न । सो कार्यशालाको उपलब्धिका रुपमा राष्ट्रिय स्तरको सञ्जाल चिल्ड्रेनस् होम नेटको स्थापना । सिविनद्वारा बालअधिकार संरक्षणको सुनिश्चितताका लागि बालगृह व्यवस्थापन सम्बन्धमा पुस्तक सार्वजनिक ।

राष्ट्रिय बालदिवस तथा बालबालिकाको निम्ति संयुक्त राष्ट्र संघको विशेष सम्मेलनको सन्दर्भमा कपडामा 'बालचित्रकला' Children's Mural on Cloth कार्यक्रमको आयोजना । बालश्रमका विभिन्न क्षेत्र, शारीरिक रुपमा अपांगतामा रहेका बालबालिका र विद्यालयका बालबालिका गरी १५० जना बालबालिकाले सो कार्यक्रममा भाग लिएका । सिविनले 'बालबालिकाका

लागि हुन्छ भनौं' भन्ने विषयमा जनसमुदायसाग पनि प्रतिवद्धता लिई प्रतिवद्धता पत्र संकलन गरेको ।

योकोहामा जापानमा डिसेम्बरमा सम्पन्न भएको बालबालिकाको व्यवसायीक यौन शोषण विरुद्धको दोश्रो विश्व भेलामा सिविनबाट दुईजना नवयुवाहरुको सहभागिता । मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजनामा बालबालिकाहरुका दृष्टिकोणलाई प्रतिविम्वित गर्नका लागि बालबालिकाको राष्ट्रिय परामर्श कार्यशाला गोष्ठीको आयोजना । २१ जिल्लाका बालप्रतिनिधिहरुको सहभागिता रहेको उक्त कार्यशालाले राष्ट्रिय कार्ययोजनाका लागि २५ बुँदे सुझाव सुझाएको ।

सिविन र युनिसेफ नेपालको संयुक्त आयोजनामा विशेष कार्यक्रम गरी 'मीना दिवस' सम्पन्न र घरेलु बालश्रमिकका सम्बन्धमा बनेको मीना कार्टुनको १४औं अंक पनि सार्वजनिक ।

दशौं पञ्चवर्षीय योजनामा बालबालिकाका विषय बालअधिकारमुखी दृष्टिकोणबाट समेट्नका लागि सिविन क्रियाशील । बालअधिकारका क्षेत्रमा मानवश्रोत विकास गर्नका लागि शिक्षक, राजनीतक कार्यकर्ता, प्रहरी अधिकृतहरु, ट्रेड युनियनहरु, सामाजिक कार्यकर्ता, विद्यार्थी, पत्रकार, सरकारी कर्मचारी लगायतका महत्वपूर्ण सरोकारवालाहरुबीच विभिन्न तालिमहरु सम्पन्न ।

बालबालिकाका सन्दर्भमा नेपालमा मादक पदार्थ तथा लागू औषधको प्रयोग (Alcohol and Drug Use in Nepal: With Reference to Children) विषयक अनुसन्धान प्रतिवेदन सार्वजनिक । देशमा चलिरहेको ससस्त्र द्वन्द्वको समाधान खोज्दै शान्ति निर्माणमा मानवअधिकार एलायन्स र जनस्तरीय शान्तिवार्ता समिति जस्ता मञ्चहरु मार्फत सिविनको सक्रियता ।

## २००२ CWIN

सन् २००२ मा बालबालिकामाथि भइरहेको आर्थिक शोषणसम्बन्धि संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको बैठकमा सिविनका प्रतिनिधिद्वारा सम्वोधन ।

सिविनको १५औ वार्षिकोत्सवका अवसरमा 'आशाका किरणहरु' नामक बालबालिकाका विषय समेटिएको गीति एलबम सार्वजनिक । 'बालबालिकाका लागि शान्ति' नामक अभियान सञ्चालन र बालबालिकाका लागि शान्ति बहालीको माग गर्दै एकलाख भन्दा बढी बालबालिकाका हस्ताक्षर संकलन गरी तत्कालीन प्रधानमन्त्री समक्ष प्रस्तुत ।





बालबालिकाका विषयलाई सुदृढ गराउने कार्यलाई निरन्तरता दिने सन्दर्भमा सडक बालबालिकाहरुका क्षेत्रमा कार्यरत संस्थाहरु संमिलित स्ट्रिट नेट र सामुदायिक संघसंस्था तथा

सामुदायिक प्रहरी सम्मिलित सामुदायिक नेटको निर्माण तथा सञ्चालनमा योगदान । 'मुना' र 'सुनकेस्रा' बालपत्रिकामा बालमञ्च नामक स्तम्भ आरम्भ ।

राजनीतिक पार्टीहरुले आफ्ना घोषणा-पत्रहरुमा बालबालिकाका लागि गरेका प्रतिवद्धताहरुको कार्यान्वयनका लागि उनीहरुका प्रतिनिधिहरुबीच बैठक । सडक बालबालिकाहरुबीच मादक पदार्थ तथा लागू औषधको दुरुपयोगका सम्बन्धमा प्रतिवेदन सार्वजनिक र सडक बालबालिकाहरुमाझ गम सुँघ्ने समस्याका सम्बन्धमा अनुसन्धान सम्पन्न । द्वन्द्व प्रभावित बालबालिकाहरुका विषयहरुलाई संबोधन गर्नका लागि श्री गौरी प्रधानद्वारा लिखित 'युद्धको भुमरीमा बालबालिका' नामक पुस्तक सार्वजनिक ।

बालसहभागिता प्रवर्द्धनका लागि २३ जिल्लामा २५५ वटा बालअधिकार मञ्चको स्थापनामा सघाउ जसमा ७४००० जना बालबालिकाहरु प्रत्यक्ष संलग्न । दलित जागरण मञ्च र सिविनद्वारा संयुक्त रुपमा दलित बालबालिकाहरुको अधिकारका सम्बन्धमा राष्ट्रिय स्तरको बैठक सम्पन्न । बैठक पछाडिका दिनहरुमा सामाजिक भेदभावमा परेका बालबालिकाहरुका पक्षमा अभियान सञ्चालन । बालबालिकाको आवासको अधिकार विषक कार्यशाला सम्पन्न । यस कार्यशालाको घोषणापत्रलाई एकजना भुटानी शरणार्थी बालिकाद्वारा अनग्यास UNGASS मा प्रस्तुत ।

सुकुम्बासी एवम् शहरी गरिब क्षेत्रका किशोरीहरुको सशक्तीकरणका लागि शिक्षा कक्षा आरम्भ ।




## २००३ CWIN

'बालबालिका शान्ति क्षेत्र हुन्' राष्ट्रिय अभियानको अवधारणा विकास र अभियान थालनीमा नेतृत्वदायी भूमिका ।

बालयौन दुर्व्यवहारका सम्बन्धमा काठमाडौं उपत्यकामा गरिएको बालबालिकाको विचार समेटिएको पहिलो अनुसन्धाने अनुसन्धानमा आधारित मौन पीडा Silent Suffering नामक प्रतिवेदन सार्वजनिक । यसपछि लगत्तै विभिन्न क्षेत्रका थप ४ वटा जिल्लामा बाल यौन दुर्व्यवहारबारे अनुसन्धानको थालनी । नेपाली समाजमा मादक पदार्थको प्रयोग र यसको बालबालिका माथिको प्रभाव विषयक राष्ट्रिय कार्यशालाको आयोजना । मादक पदार्थ, सूर्ति र लागू औषधका

विषयमा कार्यरत संघसंस्थाहरुको डाइरेक्टरी निर्माण तथा प्रकाशन ।

विराटनगरमा जोखिम परिस्थितिका बालबालिकाको आकस्मिक सहयोगको निम्ति हेल्पलाइनको शुरुवात । काठमाडौंमा सडक बालबालिका तथा जोखिम परिस्थितिका बालबालिकाहरुको सशक्तीकरणका लागि 'हाम्रो साझा थलो' नामक कार्यक्रमको शुभारम्भ । साहित्यमा बालसहभागिता प्रवर्द्धनका निम्तिको सहसिर्जना अवधारणामा आधारित कार्यक्रमको सिर्जना तथा अवधारणा सम्मिलित सहसिर्जना पुस्तक सार्वजनिक । बालअधिकार मञ्च ३० जिल्लामा विस्तार हुँदै यसको संख्या २७० र प्रत्यक्ष संलग्न बालबालिकाको संख्या ५०,००० भन्दा माथि ।

सिविनको १६औं वार्षिकोत्सवका अवसरमा सिविनमा दशवर्षदेखि कार्यरत कर्मचारी, स्वयम्सेवी एवम् बालअधिकारका क्षेत्रमा कलम चलाइ रहेका पत्रकारहरुलाई सम्मान । सिविन बालिका कार्यक्रमका किशोरीहरुद्वारा 'बालिकाहरु विरुद्ध हुने हिंसासँग लड्नका लागि किशोरीहरुको भूमिका' विषयक छलफल कार्यक्रम सम्पन्न ।

## २००४ CWIN

केन्द्रीय बालकल्याण समितिमा पहिलो पटक नागरिक समाजका तर्फबाट केन्द्रीय बालकल्याण समितिको अध्यक्षमा सिविनका संस्थापक अध्यक्ष गौरी प्रधान सन् २००४/०५ मा नियुक्त ।

सन् २००३/०४ संस्थापक अध्यक्ष गौरी प्रधानको संयोजकत्वमा बालबालिकाको १० वर्षीय राष्ट्रिय कार्ययोजना निर्माण ।

सिविनको १७औं वार्षिकोत्सवका अवसरमा बालबालिकाको निम्ति शान्ति प्रवर्द्धन गर्न 'बालबालिका शान्ति क्षेत्र हुन्' बृहत् शान्ति र्‍यालीको आयोजना ।




'शोषण होइन शिक्षा अभियान' देशका १० जिल्लाहरुमा सञ्चालन । देशका ४ वटा जिल्लाहरुमा 'No More Suffering: Child Sexual Abuse in Nepal' नामक अनुसन्धान सम्पन्न । रोल्पा, रुकुम र सल्यानमा मादक पदार्थ विरुद्धको अभियानको प्रभावका बारेमा अनुसन्धान सम्पन्न ।

'बालबालिका शान्ति क्षेत्र हुन्' अभियान ३२ जिल्लाहरुमा विस्तार । मुगु र भोजपुर जस्ता जिल्लामा द्वन्द्वप्रभावित बालबालिकाका लागि मानवीय सहयोग । स-सस्त्र समूह तथा स-सस्त्र बलमा संलग्न बालबालिकाहरुका लागि काठमाडौंमा शान्ति बालगृहको स्थापना । रोल्पा, रुकुम र सल्यानमा स-सस्त्र द्वन्द्वको अवस्थामा बालअधिकारको संरक्षण सम्बन्धि कार्यक्रमको निरन्तरता ।

जेनेभामा युएन सिआरसि कमिटीमा सिविन प्रतिनिधिद्वारा वैकल्पिक प्रतिवेदन प्रस्तुत ।

Nepalnet.com को सर्वेक्षण अनुसार नेपालका ५० राम्रा वेवसाइटहरु मध्ये सिविन वेवसाइट (www.cwin.org.np) पनि छनौटमा परेको । रेडियो सगरमाथाबाट 'बालबालिका शान्तिक्षेत्र हुन्' नामक पाक्षिक रेडियो कार्यक्रम सञ्चालन आरम्भ ।

कक्षा १ देखि १२ सम्मका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा बालअधिकार, मानव अधिकार, नागरिक शिक्षा, बालविकास र बाल केन्द्रित दृष्टिकोणमा विश्लेषण गरी सिविन प्रतिवेदन तयार ।

## २००५ CWIN

सिविन-नेपालका प्रतिनिधिद्वारा राष्ट्रसंघीय बालअधिकार समिति जेनेभामा बालअधिकारसम्बन्धि महासन्धिको संक्षिप्त वैकल्पिक प्रतिवेदन पेश ।

प्रजातन्त्र तथा मानवअधिकारलाई चुनौती दिंदै तत्कालिन राजा ज्ञानेन्द्रबाट सर्वोच्च अधिकार आफ्नो हातमा लिंदा सबै नागरिक समाज तथा मानवअधिकार संस्थाहरुप्रति थप चुनैतीको अवस्था सृजना । बालश्रमसम्बन्धी अन्तरट्रिय सम्मेलनमा भाग लिई फर्कंदै गर्दा सिविनका संस्थापक अध्यक्ष गौरी प्रधान विमानस्थलबाट पक्राउ । सिविन र मानव अधिकार एलायन्सले संयुक्तरुपमा हालेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा



देशका सम्मानित कानुनविदहरुको वकालत पछि सम्मानित सर्वोच्च अदालतद्वारा वहाँको रिहाई । प्रधानको रिहाई पछि बन्दी प्रत्यक्षीकरणको रिट निवेदनको नजिरको आधारमा अन्य अधिकारकर्मीहरुको रिहाई ।

सञ्चार माध्यममा मदिरा तथा सूर्तीजन्य पदार्थको विज्ञापनले बालबालिकामा पार्ने असरका बिषयमा अनुसन्धान तथा मदिराको हानिकारक प्रयोगको बारेमा नवयुवाहरुले सडक नाटक मार्फत व्यापक अभियान संचालन ।

बालसंरक्षण, अँध्यारोबाट उज्यालोतर्फ (शिक्षाको माध्यमबाट बालश्रमशोाणको निर्मूलन) सम्बन्धी पुस्तक तथा भिडियो प्रकाशन गरी बालसंरक्षण तथा बालश्रमशोाणका विषयमा व्यापक अभियान तथा बालक्लबहरु मार्फत बालश्रमिकहरुलाई शैक्षिक सहायता प्रदान । राष्ट्रिय बालश्रमिक मञ्च एवं काठमाडौंमा आयोजित दक्षिण एसियाली बालश्रमिकहरुको सम्मेलनको निम्ति ऐक्यवद्धता जाहेर ।

नेपालमा बालबालिकाको यौन दुर्व्यवहारसम्बन्धी अनुसन्धान गरी राट्रिय प्रतिवेदन जारी, समुदाय र विद्यालयहरुमा बाल यौनदुर्व्यवहार विरुद्ध व्यापक अभियान सम्पन्न गरी दौतरी सहायाता समूहरुको गठनमा सहयोग ।

गौरी प्रधानद्वारा लिखित धर्म र बालबालिकाको विमोचनसंगै विभिन्न धर्मका गुरुहरुको सहभागितामा धर्म र बालबालिका बिषयमा राष्ट्रिय गोष्ठी सम्पन्न ।

## २००६ CWIN

अप्रिलमा शुरु भएको ऐतिहासिक लोकतान्त्रिक आन्दोलनमार्फत राजा ज्ञानेन्द्रको निरंकुश शासनको अन्त्य । ने.क.पा. माओवादी तथा तत्कालिन सात पार्टी गठबन्धन सरकारबीच बृहत् शान्ति सम्झौता मार्फत देशमा एक दशक भन्दा लामो द्वन्द्वको अन्त्य पछि देशमा शान्ति र नयाँ संविधान प्रति आशा जागृत । नागरिक समाजको सकृय सदस्यको रुपमा सिविन मानवअधिकार र बालअधिकार प्रवर्द्धनमा जोडदिँदै लोकतान्त्रिक आन्दोलनको पर्यवेक्षणमा सहभागी । आन्दोलनका क्रममा घाइते र अलपत्रमा परेका बालबालिकाको उद्धार तथा सहायता प्रदान ।



'बालबालिका शान्तिक्षेत्र हुन्' अभियान ३४ जिल्लाहरुमा

विस्तार । बालश्रम, बालबालिकाका शारीरिक तथा यौन शोषण, ओसारपसार, जोखिम परिस्थितिका बालबालिका एवं सडक बालबालिकाको सहयोगका लागि कार्यक्रमहरु विस्तार ।

नेपालगञ्जका बालहेल्पलाईनको सञ्चालनको शुरुवात । 'परिवर्तनका पाइलाहरु' नाम भिडियो डकुमेन्ट्री मार्फत मदिरा र सुर्तिविरुद्ध जनचेतना । १५ जिल्लाका बालिका श्रमिकहरु भेला भई राष्ट्रिय बालिका भेला सम्पन्न गरी बालिका श्रमिकहरुको सशक्तीकरणका निम्ति सबै सरोकारवालाहरुलाई ज्ञापनपत्र प्रस्तुत ।


शिक्षाको निम्ति विश्वव्यापी अभियानलाई व्यापक बनाउन 'प्रत्येक बालबालिकालाई शिक्षकको आवश्यक छ' बिषयमा क्यानभास चित्र बनाई अभियान सम्पन्न ।

सिविनसंग लगातार एक दशकसम्म काम गर्ने साझेदार संस्थाहरु सेभ द चिल्ड्रेन, प्लान नेपाल, जि.आर.टि.इटली तथा फोरुट नर्वे को सम्मान ।

## २००७ CWIN

नेपालमा बालअधिकार आन्दोलनको दुई दशक । सिविनको बीसौं वार्षिकोत्सव विभिन्न कार्यक्रमकासाथ सम्पन्न । 'नयाँ नेपालको निर्माणमा बालअधिकारको सम्मान गरौं' भन्ने विषयमा राष्ट्रिय स्तरको गोष्ठी सम्पन्न । संविधान सभामा बालबालिकाका भावनालाई पुऱ्याउनका लागि 'नयाँ नेपालको निर्माण बालबालिकाका साथमा थालौं' भन्ने नयाँ अभियानको थालनी ।

सो अवसरमा सन् १९८७ मा सिविनको स्थापना गरी नेपालको बालअधिकार तथा मानवअधिकार आन्दोलनमा पुऱ्याएको महत्वपूर्ण योगदानका लागि सिविनका संस्थापक अध्यक्ष गौरी प्रधानको सम्मान । यसै बर्ष श्री गौरी प्रधान राष्ट्रिय मानवअधिकार आयोगको आयुक्त तथा प्रवक्तामा नियुक्ति । सिविन क्रियाशीलताका दुई



दशकलाई समेटेर भिडियो डकुमेन्ट्री र पुस्तिका सार्वजनिक । यसैगरी बालसहभागिता प्रवर्द्धनका लागि देखाएको रचनात्मक क्रियाशीलताका लागि बालक्लबहरुको सम्मान ।

१० वर्ष लामो ससस्त्र द्वन्द्वको अन्त्य भएपछि सिविन शान्ति र बालबालिकामा केन्द्रित । राष्ट्रियस्तरका सरोकारवालाहरुबीच परिवर्तित अवस्थामा 'बालबालिका शान्ति क्षेत्र हुन्' भन्ने विषयमा सार्वजनिक सुनवाइ तथा छलफल कार्यक्रम सम्पन्न । यसबाट परिवर्तित अवस्थामा 'बालबालिका शान्ति क्षेत्र हुन्' भन्ने अवधारणामा परिमार्जन ।

द्वन्द्वमा संलग्न बालबालिकाहरुको पारिवारिक पुनर्स्थापनमा जोड । द्वन्द्व प्रभावित क्षेत्रमा गुणस्तरीय शिक्षाका लागि प्रयास जारी । सशस्त्र समूहमा संलग्न बालबालिका (कफाग) को सामाजिक पुनर्स्थापनका सम्बन्धमा सिविन क्रियाशील ।

सिविन यातायातमा संलग्न बालबालिकाहरुको संरक्षणको अभियानमा पनि संलग्न। यसक्रममा पोखरा, काठमाडौं, बिराटनगर र हेटौंडामा यातायात क्षेत्रमा कार्यरत बालबालिकाहरुको संरक्षणमा क्रियाशील कार्यदलको सुदृढीकरणका लागि परामर्श गोष्ठीहरुको आयोजना ।

सहभागितात्मक तरिकाबाट बालसंरक्षण, लैङ्गिक तथा सामाजिक समावेशीकरण, मानव संसाधन विकास तथा रोजगारीसम्बन्धी सिविनका नीतिहरुको परिमार्जन र विकास ।

युनएन स्टडी अन भायलेन्स (राष्ट्र संघबाट भएको हिंसामाथिको अध्ययन) का लागि

एसियाबाट सल्लाहकार समितिका लागि सिविनका अध्यक्ष गौरी प्रधान मनोनित ।

१६ सेप्टेम्बर २००७ का दिन कपिलबस्तुमा भएको जातीय हिंसाबाट बालबालिकामा परेको असरको जानकारी तथा सहयोग उपलब्ध गराउनका लागि सिविनको सत्यतथ्य समिति कपिलवस्तु प्रस्थान, प्रतिवेदन सार्वजनिक ।

रेडियो सगरमाथाबाट 'बाल चौतारी' नामक पाक्षिक रेडियो कार्यक्रम प्रसारण । बालअधिकार तथा बालिकाहरुका विषयमा जनचेतना अभिवृद्धिका लागि मेट्रो एफएमबाट समेत कार्यक्रम प्रसारण आरम्भ ।

नेपालका शहरी क्षेत्रमा रहेका जोखिम परिस्थितिका बालबालिका र एचआइभि संक्रमित सडक बालबालिकाहरुका समस्या सम्बन्धमा भिडियो डकुमेन्ट्री निर्माण ।

## २००८ CWIN




सिविनद्वारा सञ्चालित बालहेल्पलाइनलाई राष्ट्रिय संरचनामा ल्याउन निरन्तर पैरवी गरिए पश्चात सरकारद्वारा सन् २००८ मा निःशुल्क फोन १०९८ (दश नौ आठ) उपलब्ध गराई सिविन, नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको सहकार्यमा राष्ट्रिय बालहेल्पलाईन १०९८ मा रुपान्तरण तथा बाल हेल्पलाइन १०९८ संचालनको राष्ट्रिय कार्यविधि जारी ।

इन्टरनेट अनलाइनमा बाल संरक्षणसम्बन्धी पहिलो अनुसन्धान तथा अभियानको थालनी ।

प्रस्तावित संविधान सभाको निर्वाचनका क्रममा राजनीतिक पार्टीहरुले जारी गर्ने घोषणा-पत्रहरुमा बालअधिकारका विषयहरु सुनिश्चित गर्नका लागि राष्ट्रिय अभियानको थालनी ।

राजनीतिक पार्टीहरुलाई निर्वाचनका क्रममा बालबालिकाको प्रयोग नगर्न आग्रह एवम् जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन । संविधान सभा निर्वाचन अनुगमनमा सक्रियता । राजनीतिक पार्टीहरुले सञ्चालन गरेका चुनावी अभियानमा बालअधिकारको हनन् भए नभएको बारे


अनुगमन गरी प्रतिवदेन सार्वजनिक ।

नयाँ बन्ने संविधानलाई बालमैत्री बनाउन बालबालिकाहरुबीच परामर्श गोष्ठी सम्पन्न । सम्बन्धित सरोकारवालाहरुका लागि २० बुँदे सुझावपत्र तयारी । देशका सबै जिल्लाका बालबालिकाहरुको प्रतिनिधित्व रहेको राष्ट्रिय परामर्श गोष्ठीको आयोजना । गोष्ठीमा संलग्न बालबालिकाहरुले नयाँ बन्ने संविधानमा बालअधिकार सुनिश्चितताको निम्ति अपिल गर्दै तयार गरेको स्मृति पत्र सम्माननीय राष्ट्रपति तथा राजनीतिक पार्टीहरु समक्ष हस्तारण ।

विद्यालय शान्तिक्षेत्र हुन् अभियानको विस्तारको क्रममा मध्य तथा पूर्वी क्षेत्रका ८ जिल्लाहरुमा विद्यालय व्यवस्थापन समिति, राजनैतिक पार्टी तथा अन्य सरोकारवालाहरुबीच सार्वजनिक सुनुवाई तथा संचेतनाको कार्यक्रम सम्पन्न गरी विद्यालय आचारसंहिता निर्माणमा जोड गरी जिल्लास्तरीय तथा रार्ष्ट्रिय राजनैतिक पार्टीहरुबाट प्रतिबद्धता जारी ।




नेपालमा बालकहरुको व्यावसायिक यौनशोषणका सम्बन्धमा अध्ययन सम्पन्न । दोलखामा शान्ति प्रक्रियालाई बल पुऱ्याउन महिला तथा बालबालिका केन्द्रित परियोजना सिविन तथा ग्रामीण विकास टुकी संघले संयुक्त रुपमा सञ्चालन ।




## २००९ CWIN

सिविनको नेतृत्वमा एसओएस बालग्राम, एस. आई. आर. सी., आशा बालविकासको सहकार्यमा शारीरिक असक्षमता भएका, द्वन्द्वमा परेका तथा मानसिक असक्षमता भएका बालबालिकाबाट 'शान्ति हाम्रो चाहना' नामक नृत्य मार्फत बालबालिकाको शान्तिको चाहना अभिव्यक्त । दर्शकहरुको मागमा दोस्रो कार्यक्रमको समेत आयोजना ।

सिविनको संयोजकत्वमा देशभरीका ७०० भन्दा बढी संस्थाहरुको सहकार्यमा "नयाँ संविधानमा बालअधिकारको सुनिश्चितता"को आव्हान गरी देशभरीका ६७ जिल्लामा विविध कार्यक्रम र १० लाख बालबालिकाको औंठाछाप सहित बालअधिकारबारे संविधानमा समेटिनु पर्ने सुझाव संविधान सभाका अध्यक्ष समक्ष हस्तान्तरण ।

शिक्षा मन्त्रालयसँगको सहकार्यमा बालबालिकाको लागि गुणस्तरीय शिक्षा, प्रारम्भिक बालविकास र विद्यालय सुधार कार्यक्रम अन्तरगत भयरहित शिक्षा लगायत

विद्यालय शान्ति क्षेत्रको कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन ।

संयुक्तराष्ट्र बालअधिकारसम्बन्धी महासन्धि पारित भएको २० वर्षको सन्दर्भमा नेपालमा बालअधिकारको स्थिति दुई दशकहरु बिषयक प्रतिवेदन सार्वजनिक ।

## २०१० CWIN



बालबालिकासम्बन्धी नीतिगत दस्तावेज, राष्ट्रिय योजनामा बालबालिकाको विषय तथा अन्य राष्ट्रिय कार्ययोजनाहरु निर्माण, बालअधिकार महासन्धिको राष्ट्रिय प्रतिवेदन लगायतको तयारीमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका सरकारी

निकायहरुसंग सहकार्य । द्वन्द्वमा संलग्न बालबालिकाको भोगाईका बारेमा द्वन्द्वमा संलग्न बालबालिकाद्वारा सहभागितामूलक भिडियो डकुमेन्ट्री हाम्रा आँखाबाट (Through Our Eyes) को निर्माण तथा त्यसको प्रदर्शनी । द्वन्द्वमा संलग्न बालबालिकाको सामाजिक पुनर्एकीकरण तथा मेलमिलापको सन्दर्भमा यस भिडियोको प्रयोग ।

द्वन्द्वमा संलग्न बालबालिकाको दीगो सामाजिक पुनर्एकीकरणको निम्ति २७ जिल्लामा गतिविधिको शुरुवात । सडकबालकहरुमाथि हुने यौन दुर्व्यवहारसम्बन्धी अध्ययन तथा सडकबालकहरुबीच यौन दुर्व्यवहारसम्बन्धी सृजनात्मक सचेतना कायक्रम ।

अन्तर्राष्ट्रिय बालअधिकार दिवस तथा सिविनको २३ सौं वार्षिकोत्सको अवसरमा विभिन्न बालकेन्द्रहरुमा रहेका बालबालिकाहरुको सम्माननीय राष्ट्रपतिसँग साक्षात्कार भेट ।

## २०११ CWIN

बालसंरक्षण समितिहरु तथा गैरसरकारी संस्थामहासंघका सदस्यहरुलाई बालसंरक्षण र संस्थागत बालसंरक्षण नीतिकाबारेमा जानकारी ।

काठमाडौं उपत्यकाकारेष्टुरेन्टहरुमा कार्यरत बालश्रमिकहरुका क्षेत्रमा कार्य आरम्भ ।

वातावरणीय परिवर्तन र यसको बालबालिकामाथिको प्रभावका सम्बन्धमा अनुसन्धान सम्पन्न ।



नेपालकाबालभरियाहरुको अवस्था विश्लेषण । इन्टरनेटमा बालबालिकाको संरक्षणका सम्बन्धमा विद्यालयका विद्यार्थीहरुबीच अन्तरक्रिया र सरोकारवालाहरुलाई सचेतना अभियान सञ्चालन । इन्टरनेट अनलाइनमा बालसंरक्षण अभियानको निरन्तरताकालागि नेपाल टेलिकम जस्ता निकायहरुसँग सञ्जालहरुको विकास ।

इन्टरनेटमा बालबालिकाको संरक्षणसम्बन्धी विषयमाअन्तरगत सरकारी वकिलहरु, नेपाल टेलिकम, साइबर मालिकहरु र प्रहरी अधिकृतहरुसँग अन्तरक्रिया सम्पन्न ।

सिविन–नेपाल तथा ग्रामीण विकास टुकी संघले संयुक्त रुपमा सञ्चालन गरेको उत्तरी दोलखाका गाविसहरु मध्ये आलम्पुमा स्वास्थ्यचौकी निर्माण सम्पन्न र त्यस भेगमा ६ वटा स्वास्थ्य केन्द्रहरुमाआवश्यक सामग्रीहरु उपलब्ध गराइएको । नीतिनिर्माताहरु तथा कानुन कार्यान्वयनका निकायहरुबीच किशोर किशोरीहरुका विषयहरु र सरोकारवालाहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

बालिकाहरुको विषय र उनीहरुका अधिकारहरुकाबारेमा जनचेतना अभिवृद्धिका लागि सञ्चार माध्यमहरुलाई संवेदनशील बनाउने कार्यक्रमहरु सम्पन्न ।

## २०१२ CWIN

सबै सिविनका कर्मचारी, साझेदार संघसंस्था तथा सिविनसंग आबद्ध बालबालिकाबीच छलफल गरी सिविन नेपालको तीन बर्षीय (२०१२-२०१५) रणनीतिक दिशाको तयारी ।

बालिका शसक्तिकरणलाई जोड दिंदै गर्ल पावर, गर्लस् नट ब्राइड तथा ११ अक्टोबरका दिन सं.रा. पहिलो अन्तर्राष्ट्रिय बालिका दिवस सफलताका साथ सम्पन्न गर्न सबै सम्बन्धित सरोकारवालाहरु तथा १४ जिल्लाका बालिकाहरुसंग सहकार्य ।

राष्ट्रिय मदिरा नीति सञ्जालको पहलमा नेपाली राष्ट्रिय मदिरा नीतिको निर्माणको निम्ति स्वास्थ्य मन्त्रालयको संयजकत्वमा कार्यदलको गठन । स्वास्थ्य मन्त्रालयसागको सहकार्यमा धुमपान, मद्यपान तथा एच आई भि/एड्स नियन्त्रण तथा रोकथाम सहकार्य ।

जलवायु परिवर्तन, वातावरण र बालअधिकारको



बिषयलाई आत्मसात गरी सिविन वातावरण नीति तथा वातावरणीय जागरण सहित व्यानर्स टू व्यागस् कार्यक्रमको शुरुवात ।

सपना.सृजना.जीवन: नेपालमा बालअधिकार आन्दोलनको २५ बर्षको उपलक्ष्यमा नाटक तथा नृत्य मार्फत बालअधिकारको प्रस्तुतिमा किरण मानन्धरदारा स्थलगत चित्रकलाको प्रस्तुति ।

नेपालमा बालअधिकार आन्दोलनको २५ बर्षको उपलक्ष्यमा सम्माननीय प्रधानमन्त्री बाबुराम भट्टराईज्यूको प्रमुख आतिथ्यमा बालअधिकार समारोह सम्पन्न । सो समारोहमा नेपालको बालअधिकार आन्दोलनमा योगदान दिने व्यक्तित्व तथा संस्थाहरु, सिविनको स्थापनाकालका सहयोगीहरु, साझेदार संस्थाहरु तथा सिविनका संस्थापक सदस्यहरुको सम्मान । नेपालमा बालअधिकार आन्दोलनको २५ बर्ष बिषयक पुस्तक तथा भिडियो सार्वजनिक ।

# बालअधिकार आन्दोलनमा सिविन नेपालको महत्वपूर्ण उपलब्धीहरू

**बालअधिकार आन्दोलनमा सिविन नेपालको महत्वपूर्ण उपलब्धीहरु**

- श्रमिक, परित्यक्त, सडक, द्वन्द्व पीडित तथा प्रभावित, अभिभावकविहीन, सिमान्तकृत तथा आर्थिक रुपमा विपन्न परिवारका २५९,४७३ बालबालिकालाई प्रत्यक्ष शैशिक सहायता प्रदान ।
- सिविन(नेपाल, नेपाल सरकार, नेपाल टेलिकमको सहकार्यमा काठमाण्डौं विराटनगर, नेपालगञ्ज, हेटौडा र पोखरामा सञ्चालित बालहेल्पलाइन नेपाल १०९८ (दश नौ आठ) मार्फत करिब ३ लाख बालबालिका संरक्षणका बिषयमा प्रत्यक्ष टेलिफोन सेवा प्रदान गर्नुका साथै करिब १८००० जना बालबालिकाको उद्धार, कानुनी सहायता तथा संरक्षण ।
- श्रमिक, परित्यक्त, सडक, द्वन्द्व पीडित तथा प्रभावित, अभिभावकविहीन, सिमान्तकृत तथा आर्थिक रुपमा विपन्न परिवारका करिब ५१०० जना नव युवा (१४ देखि २४ वर्ष उमेर समूहका)हरुको आत्मनिर्भरताको निम्ति सीप शिक्षा तथा लघुउद्यम सहयोग ।
- बालश्रम, बालयौन शोषण, ओसार पसार, द्वन्द्व र बालबालिका, र इन्टरनेट अनलाईनमा बालसंरक्षण, बालबालिका संरक्षण, सडक बालबालिका, बालबालिका र वातावरण लगायत

बालबालिकासाग सम्बन्धित करिब १०० भन्दा बढी क्षेत्रमा अध्ययन, अनुसन्धान एवं उक्त बिषयमा कार्य सञ्चालन

- सामाजिक तथा बालअधिकार अभियान मार्फत लाखौ बालबालिका तथा लाखौ जनसमुदाय र सरोकारवालाहरुबीच पुगी बालश्रम, बालसाहित्य, बालसहभागिता बालबालिका शान्ति क्षेत्र हुन्, राजनीतिका पार्टीहरु र निर्वाचन घोषणा पत्रमा बालअधिकार, गलैंचा क्षत्रमा बालश्रम, बालबालिकाको निम्ति शान्ति संविधानमा बालअधिकार, सजााय, ओसारपसार, बालयौन दुर्व्यवहार, टेम्पोमा बालश्रमिकको उद्धार, बालसुलभ विद्यालय, कानुन निर्माण र परिमार्जन, सडक बालबालिका, बालसहभागिता, बालबालिकामाथि हुने सजााय, बालदासता विरुद्ध दक्षिण एसियाली यात्रा, बालश्रम विरुद्धको विश्व यात्रा, सबैका लागि शिक्षा बालबालिका शान्ति क्षेत्र एवं विद्यालय शान्ति क्षेत्र, बालसाहित्य र सहसिर्जना, व्यानर्स टु व्याग, सार्वजनिक स्थानमा धुम्रपान विरुद्ध अभियान, नेपालमा मदिरा नीति तथा मदिराको हानीकारक प्रयोग विरुद्ध राष्ट्रिय अभियान, घरेलु बालश्रमको प्रयोग, संसदीय निर्वाचनको समयमा निर्वाचनमा बालअधिकार अभियान ।

- बालबालिका शान्ति क्षेत्र अवधारणागत विकास र सञ्जाल निर्माण गरी अभियान सञ्चालन पहिलो पटक परिवार तथा समाजबाट तिरस्कृत सडक बालबालिकाको अध्ययन अनुसन्धान सामाजिकीकरण, सशक्तिकरण लगायत पारिवारिक पुनर्एकिकरण कार्यक्रम थालनी/ करिब ५ हजार सडक (एचआई भि/एड्स, दुर्व्यसन लगायत विभिन्न रोगबाट प्रभावित

- सन् १९८८ नेपालमा पहिलो पटक बृहत्तर रुपमा बालअधिकार तथा मानवअधिकारका विविध विषयमा राष्ट्रिय सूचना स्रोत केन्द्र सञ्चालन मार्फत ५५००० स्वदेशी तथा बिदेशी विद्यार्थी, अनुसन्धानकर्ता, संचारकर्मी, अधिकारकर्मी, सामाजिक कार्यकर्ताहरुलाई सेवा प्रदान ।
- नेपाल टेलिभिजन प्लसबाट बालअधिकारको बिषय (२०० वटा श्रृङ्खला) नियमित रुपमा सञ्चालन गरिसकेको छ भने बालअधिकारका विविध बिषयमा ५ वटा गीति एल्बम तथा ५० बटा भिडियो डकुमेन्ट्री निर्माण ।
- रेडियो नेपालमा पहिलो पटक बालअधिकार सम्बन्धी कार्यक्रम सञ्चालन र हाल आएर विगत नौ वर्ष देखि सामुदायिक रेडियो रेडियो सरगमाथामा नियमित रुपमा साप्ताहिक कार्यक्रम र सिटिजन एफ एम र क्यापिटल एफ एम मा नियमति रुपमा बालअधिकार कार्यक्रम सञ्चालन ।



- सिविनका मित्रहरु कार्यक्रम मार्फत १७,००० स्वयंसेवी एवं सयौं शैक्षिक संस्था कलेज तथा विद्यालयका विद्यार्थी इन्टर्नहरुको संलग्नता ।
- १९९४ मा पहिलो पटक बालबालिकाको वैकल्पिक स्याहारसहित पारिवारिक तथा सामाजिक पुनर्एकिकरणको कार्यक्रमको थालनी हालसम्ममा करिब ७०३० जनालाई पारिवारिक तथा सामाजिक पुनर्स्थापन गर्न सफल ।
- सन १९९४ मा बालिका सशक्तिकरणमा छुट्टै कार्यक्रमका साथ बालिका गृह सञ्चालन गरी करिब १०३०० बालिका तथा किशोरीहरुको संरक्षण, विकास र सशक्तिकरण सीप शिक्षा आत्मनिर्भर र किशोरी शिक्षा लगायत पारिवारिक तथा सामाजिक पुनर्एकिकरण निरन्तर सञ्चालन ।
- १९९६ मा सशस्त्र द्वन्द्वको सुरुवातसागै बालबालिकालाई हिंसाको शिकार नबनाईयोस् भनी अभियान थालनीका साथ बालबालिका शान्ति क्षेत्रको अभियानको थालनी । २००३ मा सशस्त्र द्वन्द्वको चरम उत्कर्षमा पुगेको समयमा रुकुम, रोल्पा र सल्यानमा सशस्त्र द्वन्द्व प्रभावित बालबाकिलाको संरक्षण, विकास र विद्यालय शिक्षा कार्यक्रमको प्रारम्भ । सशस्त्र द्वन्द्व प्रभावित तथा संलग्न करिब २० हजार बालबालिका तथा सशस्त्र फौज तथा समूहमा आवद्ध बालबालिकालाई निरन्तर सहयोग ।

- कानुन कार्यान्वयन र बालअधिकारको प्रत्याभूतिका लागि नेपाल सरकार, सरोकारवालाहरु र जिल्ला बालकल्याण समितिको सशक्तिकरण कार्यक्रम सञ्चालन ।
- बालअधिकारको संरक्षण, विकास, सहभागिता र सचेतनाको बिषयमा जिल्ला बालकल्याण समिति, शिक्षक, गैसस सदस्य/कर्मचारी, नेपाल प्रहरी, कानुन व्यवसायी, जिल्ला विकास प्रतिनिधि, स्वास्थ्य कार्यकर्ता, आमा समूह, किशोर किशोरी, युवा, बालबालिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, धार्मिक तथा सामुदायिक नेता, मानवअधिकार तथा महिला अधिकारवादीहरु, जनजाति नेता कार्यकर्ता, ट्रेडयुनियन आदि गरी करिब १ लाख २५ हजारलाई तालिम प्रदान ।
- स्थापना देखि प्रजातान्त्रिक अभियानमा प्रत्यक्ष संलग्न भई बालअधिकार महासन्धीका मस्यौदाको अनुवाद गरी बालअधिकार महासन्धीबारे छलफल देखि महासन्धिलाई अनुमोदन गराउने कार्य देखि यसमाथि अनुवाद र प्रचारप्रसार गर्दै बालबालिका सम्बन्धी ऐन नियमावली नीति निर्माण देखि बालबालिका सम्बन्धी १० वर्षीय कार्ययोजना निर्माणको नेतृत्वदायी भूमिकाका साथ बालबालिका कानुन कार्यान्वय र नयाा संविधानमा बालअधिकारको बिषय समावेश गर्न सांसद तथा संविधान सभा सदस्यहरुसाग लविङ, संवैधानिक समिति लगायतसाग विभिन्न बालअधिकारका बिषयमा छलफल ।

## सिविनका साझेदार संस्थाहरु:

- Save the Children (1988)
- Plan Nepal (1993)
- Quinoa-Belgium (1993)
- FORUT-Norway (1994)
- GRT Italy (1998)
- Salaai-Belgium (1999)
- Chance for Children-UK (2007)
- Seljord Folkehaagskule (2009)
- Responding to Conflict- UK, (2009)
- Child Helpline International (2009)
- European Commission (2010)
- Rockwool Foundation-Denmark (2010)



- International Child Development Initiative (2011)
- Shaplaneer, Intervita-Italy (2011)

## सिविन संलग्न राष्ट्रिय संजालहरु:

- National:
- NGO Federation of Nepal
- Alliance Against Trafficking in Women and Children in Nepal (AATWIN)
- National Coalition for Children as Zones of Peace and Child Protection (CZOPP)
- Nepal Alcohol Policy Alliance (NAPA),
- Framework Convention on Tobacco Control (National Network)
- Working Group on Children Associated With Armed Force and Armed Group (CAAFAG)
- Consortium of Organisations Working for Child Participation
- National Campaign for Education
- Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)
- Human Rights Alliance Nepal

- Shanti Malika
- National NGOs Network Group Against AIDS Nepal (NANGAN)
- Women Security Pressure Group
- Tobacco Pressure Group
- Girls Not Brides
- Childcare Homes Network Nepal (CNET-Nepal),
- National Alliance of Organisations Working for Street Children (NAOSC-Nepal),

## सिविन संलग्न क्षेत्रीय संजालहरु :

- South Asian Alliance against Child Servitude (SAACS)
- Child Workers in Asia (CWA)
- Asia South Pacific Association for Basic and Adult Education (ASPBAE)
- South Asia Initiative to End Violence Against Children (SAIEVAC)
- South Asia Association of Child Helplines (SAACH)

## सिविन संलग्न अन्तर्राष्ट्रिय संजालहरुः

- Global March
- End Child Prostitution, Child Pornography and Trafficking of Children for Sexual Purposes (ECPAT International)
- Child Helpline International
- Aflatoun- Child Social and Financial Education
- Global Campaign on Education
- Girls not Brides

## विभिन्न संघसंस्था तथा राज्यबाट प्राप्त केही पुरस्कार तथा सम्मानहरुः

समाज कल्याण परिषदबाट “बालबालिकाको हित कल्याण र पुनस्थापनकार्यका अतिरिक्त बालअधिकारसम्बन्धि सचेतना अभियानमा देखाएको सकृयताको कदर स्वरुप ‘तुलसी मेहेर समाज सेवा पुरस्कार’ बाट सम्मानित, युनिसेफ मुख्यालयद्वारा प्रकाशित “विश्वमा बालबालिकाको स्थिति २०००” प्रतिवेदनमा बालबालिकाको निम्ति कार्यरत सक्षम नेतृत्व प्रदान गर्ने विश्वका ५२ जना व्यक्तित्वहरुमध्ये एकका रुपमा सिविनका संस्थापक अध्यक्ष गौरी प्रधान सम्मानित ।

वि.सं. २०६० सालमा नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालयद्वारा जनसंख्या दिवस २०६० को उपलक्ष्यमा नेपालको जनसंख्या व्यवस्थापनमा विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै ‘कदर’ ।

सन् २००४ मा श्रम तथा यातायात व्यवस्था मन्त्रालयद्वारा १२ जुन बालश्रम विरुद्धको दिवसका उपलक्ष्यमा बालश्रम विरुद्ध र बालअधिकारको पक्षमा देशमा लामो समयदेखि निरन्तर रहि उत्कृष्ठ कार्य गरेकाले सिविनलाई नगद पुरस्कार सहित सम्मान ।

नेपाल प्रहरीद्वारा सडक तथा अनाथ बालबालिकाको हकहित, संरक्षण र पुनर्स्थापनको क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदान र त्यसबाट प्रहरी कार्यमा पुग्न गएको अमूल्य सहयोगको कदर ।




सिविन–नेपाल
पो.ब.नं. ४३७४, रविभवन, काठमाडौं
फोन नं. ४२८२२५५/४२७८०६४, फ्याक्स नं. ९७७–१–४२७८०१६
इमेल: cwin@mos.com.np
वेबसाईट: www.cwin.org.np



प्रकाशन सहयोगः